## होमस्टे कार्यक्रम सञ्चालनको लागि परामर्शदाताको कार्यशर्त विकरण (Terms of Reference) TOR

### १. पृष्ठभूमि र उद्देश्यः

नेपालमा ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले होमस्टे कार्यक्रम महत्वपुर्ण माध्यमको रुपमा विकास हुँदै आए छ । यसले स्थानिय संस्कृति, परम्परा, खानपान र जिवनशैलिलाई पर्यटनसँग जोड्ने काम गर्दछ । साथै, स्थानिय समुदायको आयआर्जन वृद्धि,रोजगारी सिर्जना तसथा दिगो विकासमा सहयोग पुग्ने मुख्य उदेश्यको साथ भोटखोला गाउँपालिका संखुवासभा एक हिमाली गाँउपालिका नेपाल चिन सिमा क्षेत्रमा रहेको एक विशिष्ट सामाजिक परम्परा, संस्कृति तथा प्राकृतिक रुपमा सुसम्पन्न भौगोलिक विशेषता भएको गाँउपालिका भएको हुदा होमस्टे मार्फत सामाजिक सास्कृतिक तथा परम्परागत खानपान तथा पर्यटक प्रवर्द्धनको विकासको लागि आवश्यक रहेको ।

- भोटखोला गाँउपालिका को होमस्टे प्रवर्द्धन गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने ।

❖ मुख्य उद्देश्यः

- स्थानिय ग्रामिण पर्यटन प्रवर्द्धन गर्नु
- स्थानिय समुदायको आर्थिक अवस्था सुधार गर्नु

❖ विषेश उदेश्यः

- स्थीय घरधनीहरुलाई होमस्टे सञ्चालनमा सक्षम बनाउने
- पर्यटकहरुलाई सुरक्षित,स्वच्छ सांस्कृतिक अनुभव प्रदान गर्ने
- स्थानिय उत्पादन तथा सेवाको प्रवर्द्धन गर्ने

### २. कार्यक्षेत्र (Scope of Work):

❖ पुर्व तयारी चरण

- सम्भाव्यता अध्ययन
- समुदायसँग छलफल तथा सचेताना कार्यक्रम
- होमस्टे दर्ता, मापदण्ड निर्माण कार्याशाला गोष्ठी समिति गठन

❖ तालिम कार्यक्रम

- आतिथ्य सत्कार तालिम
- सरसफाइ तथा स्वास्थ्य तालिम

फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत

- स्थानिय खानाको परिकार पकाउने तथा प्रस्तुनिकरण तालिम
- स्थानीय सरोकारवालाहरूसँग छलफल र कार्यशाला आयोजना गर्ने ।

तालिम भोटखोला गाँउपालिकाको प्रत्येक वडाबाट (९ जना होटल व्यवसाय गरीरहेको तथा ईच्छुक नयाँ गरी) कुल भित्रको ४५ जनाको तालिम तथा अभिमुखिकरण

३. आवश्यक परामर्शदाता/फर्मको योग्यताः

- सम्वन्धित क्षेत्रमा कम्तीमा २ वर्ष भन्दा माथि काम गरेको अनुभव।
- फर्म दर्ता, प्यान/भ्याट (PAN/VAT) दर्ता र कर चुक्ता प्रमाणपत्र अनिवार्य।
- आवश्यक विज्ञ जनशक्ति (Key Experts) को उपलब्धता।

४. प्रतिवेदन बुझाउने तालिका (**Deliverables**):

- प्रारम्भिक प्रतिवेदन (Inception Report): सम्झौताको एक मिहिना भित्र।
- अन्तरिम प्रतिवेदन (Interim Report):
- अन्तिम प्रतिवेदन (Final Report): भुक्तानी हुनु अघि

५. मूल्याङ्कन विधि (**Evaluation Criteria**):

- प्राविधिक प्रस्ताव (Technical Proposal): [६०-८०%] (अनुभव, विज्ञको योग्यता, कार्यविधि)।
- आर्थिक प्रस्ताव (Financial Proposal): [२०-४०%] (न्यूनतम लागत प्रस्ताव)।

६. सम्झौता र भुक्तानीः

- सम्झौता कार्यान्वयन सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि ६४ अनुसार हुनेछ।
- भुक्तानी प्रतिवेदन बुझाएपछि र स्वीकृत भएपछि किस्तावन्दीमा गरिनेछ।

७. बजेट विवरण

| क स | कर्यक्रम विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | होमस्टे क्षेत्र पहिचान | ५०००० | १,५,४,२,३ |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | होमस्टे दर्ता, सञ्चालन मापदण्ड निर्माण तथा कार्याशाला गोस्टी | १०००० | |
| ३ | स्थानीय समुदायको तालिम तथा क्षमता विकास कार्यक्रम | १२०००० | ४५ जनाको लागि |
| ४ | होमस्टे मोडेल विकास सामाग्री सहयोग कार्यक्रम | १५०००० | आधारभुत सामाग्रीहरु |

८. अन्य सर्तहरू:

- प्रतिवेदनको प्रतिलिपि अधिकार भोटखोला गाँउपालिकारहनेछ ।
- परामर्शदाताले सम्झौता भएको मितिले २ महिना भित्र माथि उल्लित सम्पुरण कार्यहरु सम्पन्न गरी गाउँपालिकामा प्रतिवेदन सहितको विवरण पेश गरिसक्नु पर्नेछ ।
- माथि उल्लेखित कार्यहरु गर्न गाउँपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा तथा आवश्यक समन्वय छनौट भएको परामर्शदातालाई उपलब्ध गराउन सक्नेछ ।

फुरु भोटे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner